## बैठक संख्या -१८

**<u>मिति २०८३/०२/२६ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको अठारौं बैठकका प्रस्तावहरु</u>**

१. कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. गाउँसभाको १९ औं अधिवेशनको मिति, समय र स्थान तय गर्ने सम्बन्धमा ।
३. आ.व. ०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटको तयारी सम्बन्धमा ।
४. घुम्ती स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।
५. नदिजन्य पदार्थको स्टक सम्बन्धमा ।
क) पालिका परिसरमा पटान गरेको स्टक सम्बन्धमा ।
ख) बगेको स्टक सम्बन्धमा ।
६. सेरामिक्स व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।
क) छात्रवृत्ती
ख) सामग्री वितरण
७. विविध सम्बन्धमा ।
क) कर्मचारी भर्ना सम्बन्धमा ।
ख) बजार सरसफाई कार्यक्रम सम्वन्धमा ।
ग) प्रनाह गाउँको नाला निर्माण सम्बन्धमा ।

**<u>मिति २०८३/०२/२६ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :</u>**

<u>निर्णय नं. १</u>

यस गढवा गाउँपालिकाको मिति २०८३/०२/०५ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

<u>निर्णय नं. २</u>

यस गढवा गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको बैठक मिति २०८३ असार ०५ गते, समय दिउँसो १:०० बजे र स्थान गढवा गाउँपालिकाको सभाहलमा बस्ने र सोही अनुसार सम्पूर्ण सभा सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

आ.व.०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटमा तपसिलका विषयहरुलाई प्राथमिकता दिने निर्णय गरियो ।
- वेरुजु फछ्र्यौट बर्षको रुपमा कार्यान्वयन गर्ने ।
-अधुरा योजना पुरा गर्ने गरी कार्यान्वयन गर्ने
-शिक्षा, स्वास्थ्य, कृषि, तथा पशु लगायत रोजगार प्रवर्द्धन लाई प्राथमिकता दिने ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

-जनमुखी कार्यक्रमलाई प्राथमिकता दिने
- भिटा परियोजना मार्फत सामूहिक खेतिमा जोड दिने
-उज्यालो पालिका कार्यक्रममा प्राथमिकता दिने
-सिचाईमा विद्युतीकरण गर्ने ।
-विशेष विद्यालयको रुपमा सर्वोदय विद्यालयलाई विकास गर्ने ।

<u>निर्णय नं. ४</u>

आ.व. ०८२/०८३ मा लुम्बिनी प्रदेश विषेश अनुदान अन्तर्गत आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदायलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती अस्पताल सञ्चालन कार्यक्रम तपसिल बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | क्रियाकलापको विवरण | अनुमानित बजेट |
|---|---|---|
| १ | ल्याब तथा सर्जिकल सामग्री | ७६६,०००। |
| २ | कम्प्यूटर तथा अन्य व्याकप सामग्री | ४९९,०००। |
| ३ | बस पार्टेसन फर्निचर तथा अन्य सामग्री | ४३५,०००। |
| जम्मा | | १७०००००। |

<u>निर्णय नं. ५</u>

आ.व.०८०/०८१ मा गढवा गाउँपालिकाले उत्खनन् गरि घाटगद्दी गरि राखिएको नदिजन्य पदार्थको स्टकमा देहाय बमोजिम खर्च भएको हुँदा सोही बमोजिम स्टक बाट घटाउने निर्णय गरियो।

क) रासी नदी रतनपुर घाटबाट आ.व.०८०/०८१ मा घाटगद्दी गरि राखिएको जम्मा परिमाण २२७३४ घ.मि. मध्ये १७०४ घ.मि. रासी नदीको बाढीले बगाएकोले सोको नापजाँच र प्रहरी मुचुल्का तयार भए बमोजिम बाँकी परिमाण २१०३० घ.मि. बिक्री गरि आम्दानी बाधिएकोमा नदिले बगाएको १७०४ घ.मि. लाई स्टकबाट घटाउने ।

ख) कक्रहवा मनिकापुर घाटबाट आ.व. ०८०/०८१ मा उत्खनन् भएको जम्मा परिमाण २६४९०.४० घ.मि. मध्ये गाउँपालिकाको पछाडी पट्टी र अगाडी प्राङगणमा ६२१५.४० घ.मि. पटान गरिएको हुँदा पटानमा प्रयोग भएको ६२१५.४० घ.मि. लाई स्टकबाट घटाउने ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

निर्णय नं. ६

आ.व. ०८२/०८३ मा विनियोजित योजना सेरामिक्स सम्बन्धी व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रमबाट तपसिलका कार्यक्रम गर्ने सम्बन्धी निर्णय गरियो ।

क) गढवा गाउँपालिका दाङ र काठमाडौं विश्व विद्यालय बीच भएको सम्झौता बमोजिम सेरामिक्स सम्बन्धी अध्ययनरत यस गढवा गाउँपालिकाका तपसिलका तीन (३) जना विद्यार्थीहरुलाई यस बर्ष पनि छात्रवृत्ती उपलब्ध गराउने निर्णय गरियो।

| क.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जस्मिता थारु कुमाल | गढवा ३ खैरा | |
| २ | सविता कुमाल | गढवा ६ गढवा | |
| ३ | ज्ञान बहादुर थारु कुमाल | गढवा १ जेठानगाउँ | |

ख) सेरामिक्स सम्वन्धी कार्य गर्ने समूहले माटो मुछ्ने मेसिन समूहमा उपलब्ध गराउने माग गरी निवेदन पेश हुन आएकोले ती समूहहरुलाई माटो मुछ्ने मेसिन उपलब्ध गराउने निर्णय गरियो ।

१) खैरा थारु कुमाल टोल समूह

निर्णय नं. ७

क) यस गाउँपालिका मातहतको सर्पदंश उपचार केन्द्रमा कार्यालय सहयोगी नभएकोले १ जना कार्यालय सहयोगी कर्मचारी र पालिकामा कृषि एम्बुलेन्स रहेको तर सो सञ्चालनको लागि चालक नभएकोले चालक १ जना कर्मचारी सेवा करारमा पदपूर्ति गरि कामकाजमा लगाउने निर्णय गरियो ।

ख) गढवा बजार सरसफाई कार्यक्रममा काम गर्ने २(दुई) जना सरसफाई कर्तालाई मिति २०८२ कार्त्तिक महिना देखि मासिक ६,०००। (अक्षेरुपीः छ हजार रुपैयाँ मात्र ।) का दरले पालिका स्तरीय योजना फोहोरमैला व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ग) प्रनाह गाउँ सडक कालोपत्रे शिर्षकमा खर्च भई बाँकी रहेको पालिका तर्फको रकम रु. ७,९०,०००। (अक्षेरुपी सात लाख नब्बे हजार मात्र) बाट प्रनाह गाउँमा पक्की नाली निर्माण गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner